apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २८८ ● पृष्ठ: ४ ● १६ कार्तिक २०८३ सोमबार (02 November 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

जनकपुरको दोस्रो जित, पोखराको लगातार दोस्रो हार

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १५ गते



जनकपुर बोल्ट्सले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल)मा दोस्रो जित निकालेको छ। दोस्रो जित निकाल्ने क्रममा जनकपुरले आइतबार पोखरालाई ९ रनले पराजित गरेको हो। पोखराले भने लगातार दोस्रो हार बेहोरेको छ।

जनकपुरले दिएको १४८ रनको लक्ष्य पछ्याएको पोखराले २० ओभरमा ९ विकेट गुमाएर १३८ रन मात्र बनाउन सक्यो । पोखराका लागि कप्तान कुशल भुर्तेलले सर्वाधिक ३५ रन बनाएपनि जित दिलाउन सकेनन् । उनले २४ बलमा ५ चौका प्रहार गरे।

ओपनर दिनेश खरेल ३, महेदी हसन ८, शाकिब अल हसन ९, अर्जुन घर्ती ७, किरण ठगुन्ना १५, चमिका करुणारत्ने ४, विपिन आचार्य २० र मोहम्मद सैफुद्दिन कुनै पनि रन नोजोडी आउट भए। विपिन खत्री १७ र प्रतिक पोखरेल २ रनमा अविजित रहे।

बलिङमा जनकपुरका स्पिनर हाबी भए। मोइन अलीले ३, कप्तान हर्मीत सिंह र सैफ हसनले दुईदुई तथा जिम्मी निशम र ललित राजवंशीले एकएक विकेट लिए।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ थालेको जनकपुरले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १४७ रन बनाएको थियो। जनकपुरका लागि ओपनर त्रितराज दासले ५५ बलमा ६१ रनको योगदान दिएका थिए। उनले ७ चौका र एक छक्का प्रहार गरे । उनले पहिलो विकेटका लागि मोइन अलीसँग ४७ रनको साझेदारी गरे । मोइन १६ बलमा २१ रन बनाएर आउट भए।

अभिषेक तिवारीले आक्रामक ब्याटिङ गरे। उनी १० बलमा २४ रनमा अविजित रहे। सैफ हस एक, कप्तान हर्मीत सिंह ९, जिम्मी निशम ११, अमरसिंह रौटेला र अनिलकुमार शाह ९ रनमा आउट भए।

पोखराका लागि सबै विकेट विदेशी खेलाडीले लिए। शाकिब अल हसनले सर्वाधिक ३ विकेट लिए । उनले ४ ओभरमा १५ रन खर्चिएर ३ विकेट लिएका हुन्। चमिका करुणारत्ने २, महेदी हसन, र मोहम्मद सैफुद्दिनले एकएक विकेट लिए।

मधेश प्रदेशमा बजेट खर्च प्रणाली थप व्यवस्थित बनाइँदै



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १५ गते

मधेश प्रदेश सरकारले प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालयहरूमा आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र सुशासन कायम गर्न नयाँ बजेट खर्चसम्बन्धी कार्यविधि लागू गरेको छ।

अर्थमन्त्री युवराज भट्टराईले सार्वजनिक वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले 'मधेश प्रदेश बजेट खर्चसम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी कार्यान्वयनमा ल्याएका हुन्।

नयाँ कार्यविधिअनुसार अब प्रदेशका मन्त्रालय, आयोग, सचिवालय, निर्देशनालय तथा अन्य सार्वजनिक निकायहरूले आर्थिक वर्षको स्वीकृत बजेट निर्धारित अवधिभित्रै खर्च गर्नुपर्नेछ।

कार्यविधिले आर्थिक वर्ष समाप्त भएपछि बजेट खर्च हुन नसक्ने अवस्थालाई नियन्त्रण गर्न विशेष व्यवस्था गरेको छ। आर्थिक वर्षभित्र खर्च हुन नसकेको बजेटलाई सरकारी बाँकीसरह लगत कसी प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत बैंक खाता रोक्का, जायजेथा रोक्का, लिलाम बिक्री तथा आवश्यक कानुनी कारबाही अघि बढाउन सकिने व्यवस्था गरिएको छ।

त्यस्तै, आर्थिक वर्षको भुक्तानी हुन बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्ने प्रावधानसमेत कार्यविधिमा समेटिएको छ।

नयाँ व्यवस्थाअनुसार प्रत्येक आर्थिक वर्षको भदौ १५ गतेभित्र बजेट

बाँकी पृष्ठ ४ ▸▸

उखुको मूल्य निर्धारणमा किसान र उद्योगीबीच मतभेद, सोमबार मन्त्रालयमा निर्णायक वार्ता



अपन दैनिक संवाददाता
रौतहट, कार्तिक १५ गते

उखुको समर्थन मूल्य निर्धारण गर्ने विषयमा उखु किसान र चिनी उद्योगीबीच मतभेद देखिएको छ।

चालु क्रसिङ सिजन २०८३/८४ का लागि उखुको मूल्य निर्धारण गर्न सरकारले सोमबार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दुवै पक्षलाई वार्ताका लागि बोलाएको छ।

सिंहदरबारस्थित कृषि मन्त्रालयमा सरकारका प्रतिनिधिको रोहबरमा चिनी उत्पादक संघ र उखु उत्पादक किसान महासंघबीच हुने वार्तामा किसानको उत्पादन लागत, चिनी तथा सखरको बजार मूल्य र उद्योग सञ्चालन खर्चलाई आधार बनाएर उखुको मूल्य निर्धारण गर्ने विषयमा छलफल हुने स्रोतले जनाएको छ।

उखु किसानले पछिल्लो समय कृषि उत्पादनका लागि आवश्यक मल, बीउ, सिँचाइ, इन्धन तथा श्रमिकको ज्याला उल्लेख्य रूपमा बढेकाले सोही अनुपातमा उखुको मूल्य वृद्धि हुनुपर्ने माग गरेका छन् । अर्कोतर्फ, चिनी उद्योगीले पनि उद्योग सञ्चालनको लागत, आर्थिक अवस्था र बजारको परिस्थितिलाई ध्यानमा राखेर मूल्य निर्धारण गर्नुपर्ने बताएका छन्।

चिनी उत्पादक संघका महासचिव तथा सर्लाहीस्थित इन्दुशंकर चिनी

बाँकी पृष्ठ ३ ▸▸

मधेशी दलमा पुस्तान्तरणका लागि दबाब



अपन दैनिक संवाददाता
बारा, कार्तिक १५ गते

पुराना मधेशी दल तथा नेतृत्वप्रति जनताको विश्वास कमजोर हुँदै गएको भन्दै मधेशको नेतृत्व अब नयाँ पुस्ताले लिनुपर्नेमा धारणाहरू आउन थालेका छन्।

यसका लागि मधेशका युवाहरूले अभियान नै चलाएका छन् । जेनजी आन्दोलनपछि हरेक दलमा पुस्तान्तरणको आवाज उठिरहेको छ। त्यसक्रममा सबभन्दा बढी दबाब मधेशवादी दलमा देखिएको छ। पुराना दलको विरुद्धमा पुस्तान्तरणको माग गर्दै मधेशमा विभिन्न अभियानहरू सुरुवात भएका छन् । त्यसैको नारा दिँदै तराई मधेशका केही युवाहरू हुङ्कार मधेश गठन गरी मधेशमा सक्रिय भएका छन्।

त्यस्तै शहीद सञ्जय चौधरी स्मृति प्रतिष्ठानले पनि मधेशमा युवाको नेतृत्वका लागि पुस्तान्तरण आवश्यक रहेको भनी अभियान चलाइ रहेको छ। तराई काठमाडौंसहित मधेशका विभिन्न जिल्लामा युवाहरूसँग अन्तरक्रिया सुरु गरेका छन्। 'मधेश अबको बाटो' नाम दिएर अभियान चलाइ रहेको छ।

सो प्रतिष्ठानले सामाजिक अभियन्ता सञ्जय यादवको अगुवाइमा हिजो कलैयामा एउटा कार्यक्रम सम्पन्न गरेको छ । मधेश आन्दोलनको इतिहास, उपलब्धि, चुनौती तथा आगामी दिनमा मधेशले लिनुपर्ने राजनीतिक र सामाजिक दिशाबारे छलफल चलाएर मधेश राजनीतिमा पनि पुस्तान्तरणको आवश्यकता रहेको निष्कर्ष निकालेको छ।

कार्यक्रममा नागरिक अगुवा उमेशलाल दासले वर्तमान सरकारले मधेशका एजेण्डा सम्बोधन नगरे मधेशी युवाले अरूको मुख नताकी आफैं नेतृत्व लिनुपर्ने धारणा राखेका थिए । हालै जनता समाजवादी पार्टीबाट विद्रोह गरेका मधेश प्रदेशका पूर्वसांसद विक्की यादवले मधेशको विकल्प मधेश नै भएको उल्लेख गर्दै मधेशी युवाले आ-आफ्नो ठाउँबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने र मधेशी राजनीतिमा पुस्तान्तरणको

बाँकी पृष्ठ ४ ▸▸

जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेका लागुऔषध मुद्दाका कैदी सिरहाबाट पक्राउ



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १५ गते

जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागारबाट भागेर फरार भएका लागुऔषध मुद्दाका एक कैदीलाई प्रहरीले सिरहाबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-१४ का ३८ वर्षीय झरेन्द्र ज्यू ठकुरी रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजार र जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको संयुक्त टोलीले उनलाई शुक्रबार आफ्नै घरबाट पक्राउ गरेको हो।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालले ठकुरी लागुऔषध खैरो हेरोइन १ सय ५८ ग्राम ८

बाँकी पृष्ठ २ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

जनकपुर-अयोध्या: ओलीका पालामा बस, बालेनका पालामा १९ कोचको रेल



सीताराम बराल

कुनै अन्यथा नभए आगामी मंसिर पहिलो सातादेखि भगवान रामको जन्मभूमि अयोध्या (भारत) र सीता जानकी (सीता) को जन्मभूमि जनकपुर रेल सेवाबाट जोडिनेछन् ।

मंसिर पहिलो साता हुने भनिएको (तर मिति तय भइनसकेको) प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा दुवै मुलुकका प्रधानमन्त्रीले संयुक्त रूपमा अयोध्या-जनकपुर रेल सेवाको औपचारिक उद्घाटन गर्नेछन् ।

जनकपुर-अयोध्यालाई जोड्ने रेल सेवा सञ्चालनबारे केही विषय टुङ्गो लाग्न अझै बाँकी रहे पनि रेलका कोच (डिब्बा) र रेल सञ्चालनको दिन भने टुङ्गो लागेको छ ।

नेपाल रेलवे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीको भनाइमा, नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गरेपछि सञ्चालन हुने रेल सेवामा भारतीय कम्पनीका १९ कोच सञ्चालन हुनेछन् ।

नेपाल आफैँसँग पनि रेल नभएको होइन, जनकपुर-जयनगरमा सञ्चालनमा रहेका दुई रेल नेपालको आफ्नै स्वामित्वमा छन् ।

तर, जनकपुर-जयनगरमा नियमित रूपमा सञ्चालन गर्नुपर्ने र कोचको संख्यासमेत कम भएकाले भारतीय कम्पनीकै रेल जनकपुर-अयोध्या रुटमा सञ्चालन गर्ने योजना बनाइएको हो ।

जनकपुर-जयनगरमा हाल सञ्चालनमा रहेका नेपालका दुईवटा रेल तीन-तीनवटाका दरले कोच (डिब्बा) बग्गी छन् । त्यसबाहेक रेल इन्जिनसँगै जोडिएको आधा भागमा समेत यात्रु बस्न मिल्ने हुनाले यात्रु बस्न मिल्ने डिब्बाको संख्या साढे तीन गणना गर्ने गरिएको छ ।

प्रत्येक डिब्बामा ५६ सिट छन् । त्यसमध्ये एउटा डिब्बा एयर कन्डिसनयुक्त रहेको छ भने बाँकी साढे दुईवटा डिब्बामा रहेका सिट साधारण खालका छन् ।

यी दुई रेलले प्रत्येक दिन विहान र अपराह्न जनकपुरदेखि जयनगरसम्म यात्रुसहित यात्रा गर्दै आएका छन् ।

यसकारण भारतीय कम्पनीकै रेल

नेपाल आफैँसँग डिब्बासहितका दुईवटा रेल रहे पनि जनकपुर-अयोध्या मार्गको लामो दूरी, नेपाली रेलमा कम डिब्बा एवं सिट र यो रुटको अधिकांश भाग भारतीय भूमिमा पर्ने र सुरक्षासम्बन्धी चुनौतीका कारण भारतीय कम्पनीकै रेल सञ्चालन गर्न लागिएको हो ।

सीताको जन्मभूमि जनकपुरदेखि रामको जन्मभूमि अयोध्या नियमित रेलमार्गले जोडिँदा दुवै धार्मिकस्थलको यात्रा गर्न चाहने यात्रुहरूको संख्या निकै ठूलो हुने अपेक्षा गरिएको छ ।

त्यसैले, जनकपुर-अयोध्या रुटमा सञ्चालन हुने रेल १९ डिब्बायुक्त हुनेछ । सामान्ययता एउटा डिब्बामा ५६ सिट हुने भएकाले रेलले एकपटक जनकपुर-अयोध्या आवतजावत गर्दा झण्डै एक हजार यात्रु बोक्नेछ ।

यात्रुहरूको भाडा रेल सञ्चालन गर्ने कम्पनीले नै तय गर्ने बताइएको छ ।

हालसम्मको सहमतिअनुसार, संयुक्त रूपमा दुवै प्रधानमन्त्रीले उद्घाटन गरेपछि विधिवतरूपमा सञ्चालनमा आउने रेल अयोध्याबाट प्रत्येक हप्ताको शनिवार जनकपुर आइपुग्नेछ ।

आइतबार जनकपुरमै रहने रेल त्यहाँबाट सोमबार अयोध्यातर्फ प्रस्थान गर्नेछ ।

रेल सेवा सञ्चालनका लागि गत भदौ तेस्रो साता दुवै मुलुकका अधिकारीहरूले जनकपुर-अयोध्यासम्मको रेलमार्ग हवाई निरीक्षणसमेत गरेका थिए ।

रेलको यात्रु बोक्ने क्षमता, अयोध्याबाट जनकपुर आइपुग्ने र जनकपुरबाट अयोध्या प्रस्थान गर्ने मिति तय भए पनि सुरक्षा र भन्सारसम्बन्धी व्यवस्थापन कसरी गर्ने भन्ने अन्तिम टुङ्गो भने लागिसकेको छैन ।

तर यो रुटमा यात्रा गर्नेहरू मूलतः धार्मिक तीर्थयात्रीहरू हुने र अन्तरदेशीय रेल सेवा भएकाले दुवै देशका अधिकारीहरू सीमापारको क्रममा यात्रीहरूले सुरक्षा र भन्सारसम्बन्धी चेकजाँचका क्रममा झमेला महसुस गर्नु नपरोस् भन्नेमा सचेत छन् ।

'सुरक्षा र भन्सार चेकजाँचका क्रममा यात्रीहरूले झमेला महसुस गर्नुपऱ्यो भने त्यसको सन्देश राम्रो जाँदैन' स्रोतले भन्यो, 'त्यसैले, उनीहरूले झमेला महसुस गर्नु नपर्ने गरी सुरक्षा र भन्सार जाँच कसरी गर्ने भन्ने विषयमा छलफल जारी छ ।'

रेलवे विभागका पूर्वमहानिर्देशक रोहित विशुरालका भनाइमा, जनकपुर-अयोध्यालाई रेलमार्गले जोड्ने योजना केही वर्षअघि देखि नै बनेको थियो, तर विविध कारणले यसले मूर्तरूप पाउन सकेको थिएन ।

'प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा यो योजनाले मूर्तरूप पायो भने त्यो ठूलो उपलब्धि हुनेछ,' विशुरालले भने, 'सीताको जन्मभूमि र रामको जन्मभूमि एकै यात्राको क्रममा भ्रमण गर्ने तीर्थयात्रीहरूको चाहना एउटै भ्रमणबाट पूरा हुनेछ ।'

जनकपुर – अयोध्या यातायात कनेक्टिभिटी

त्यसो त, जनकपुर-अयोध्या सिधा यातायात सम्पर्कबाट जोडिन लागेको यो नै पहिलो अवसर होइन । धार्मिक इतिहास र महत्त्व बोकेका नेपाल-भारतका यी दुई शहर ८ वर्षअघि नै सिधा यातायात सम्पर्कबाट जोडिएका छन् ।

जनकपुर-अयोध्यालाई सिधा यातायातबाट जोड्ने कार्यको सुरुवात तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा गरेका थिए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर भ्रमणमा आएको अवसरमा २१ वैशाख २०७५ (११ मई २०१८) मा तत्कालीन प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीले जनकपुर-अयोध्या बस सेवाको संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

खासमा त्यो बेला भारतको पर्यटन मन्त्रालयले स्वदेश दर्शन योजनाअन्तर्गत रामायण महाकाव्यसँग सम्बन्धित धार्मिक तीर्थस्थलहरूलाई सहज यातायात पहुँचबाट जोड्ने 'रामायण सर्किट' मार्फत जोड्ने योजना अघि बढाउँदै थियो ।

जनकपुर सीताको जन्मभूमि भएको र यो 'सर्किट' मा सहभागी हुँदा जनकपुरको पर्यटनलाई लाभ हुने भएकाले त्यसमा नेपालले पनि सहभागिता जनाएको थियो ।

नेपाल र भारतका यी दुई धार्मिक नगरी नियमित बस सेवाबाट जोडिएपछि नियमित रेल यातायातमार्फत पनि जोड्ने प्रयासको सुरुवात भयो ।

जस्तो कि, २०८० को मध्यतिरका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनकपुरलाई नयाँ दिल्लीसँग सिधा रेल यातायातले जोड्ने र त्यो रुट अयोध्या हुँदै नयाँ दिल्ली पुग्ने योजना बनाएको थियो ।

खासमा जनकपुर-जयनगर रेल सेवालाई विस्तार गर्ने नेपालको चाहनाअनुसार यो योजना अघि सारिएको थियो ।

दुई वर्षअघि अयोध्यामा नवनिर्मित राम मन्दिरको 'प्राण प्रतिष्ठा' समारोह आयोजना हुने भएपछि अस्थायी रूपमा नै भए पनि फेरि जनकपुर-अयोध्यालाई जोड्ने प्रयास नेपाली पक्षबाट भयो ।

'प्राण प्रतिष्ठा' समारोहमा सहभागिताका लागि जनकपुरबाट २० डिब्बासहितको रेल लैजाने तयारी गरिएको थियो । जनकपुरबाट अयोध्या जाने रेलको टिकट बुकिङसमेत खुलाइएको थियो ।

तर, जनकपुर-अयोध्यालाई रेलमार्गबाट जोड्ने दुवै योजनाले मूर्तरूप पाउन सकेनन् ।

भारतले 'सुरक्षा सम्वेदनशीलता' महसुस गरेपछि यी दुई धार्मिक नगरीलाई रेलमार्गबाट जोड्ने उतिबेलाका प्रयास सफल भएनन् ।

बालेनको भारत भ्रमण : नेपाललाई अवसर

यद्यपि, जनकपुर-अयोध्यालाई रेलमार्गले जोड्ने विषयमा दुई मुलुकका अधिकारीहरूबीचको बैठकमा यस विषयमा चर्चा भने हुँदै आएको छ ।

जस्तो कि, २८-२९ जेठ (११-१२ जुन २०२६) मा काठमाडौंमा नेपाल-भारत सीमापार रेलमार्गसम्बन्धी परियोजनाको सञ्चालक समितिको दशौँ बैठक तथा संयुक्त कार्यदलको आठौँ बैठक सम्पन्न भयो । बैठकमा जनकपुर-अयोध्या खण्डमा यात्रुबाहक रेल सेवा सुरु गर्न आवश्यक स्टाण्डर्ड अपरेटिङ प्रोसेड्युअर्स (एसओपी) का विषयमा छलफल भएको थियो ।

यसैगरी १९ भदौमा नेपाल र भारतका रेलवे, अध्यागमन, सुरक्षा र भन्सार अधिकारीहरूबीच रेलवेका विषयमा छलफल भयो । यो बैठकमा भन्सार जाँच, यात्रु सुविधा, रेल तथा यात्रुको सुविधा लगायतका विषयमा छलफल भएको थियो ।

त्यसपछि दुवै देशका अधिकारीहरूले सीमापार रेलमार्गको हवाई निरीक्षण गरेका थिए ।

नेपालीपक्ष प्रधानमन्त्री शाहको भारत भ्रमणमा देखिने खालको केही ठोस उपलब्धि होओस् भन्ने चाहन्छ । त्यसमध्ये नेपालको चाहना जनकपुर-अयोध्या रुटमा नियमित रेलको सञ्चालनसम्बन्धी विषय पनि छ ।

बाँकी पृष्ठ ३ ▶▶

सम्पादकीय...

मधेश प्रदेशमा बेरुजु र वित्तीय सुशासन

मधेश प्रदेशमा सरकारी बजेट खर्च हुनु मात्रै सुशासन होइन् । खर्च भएको रकमको औचित्य, पारदर्शिता र जवाफदेहिता स्थापित कायम गर्नुपर्छ । सार्वजनिक स्रोतको उपयोग कानुन, विधि र निर्धारित प्रक्रिया अनुसार हुनुपर्छ । मधेश प्रदेशका सरकारी निकायमा वर्षौंदेखि थुप्रिँदै आएको बेरुजुको अवस्थाले सार्वजनिक वित्तीय व्यवस्थापन र संस्थागत सुशासनमाथि प्रश्न उठेको छ । प्रदेश सरकारका मन्त्रालयदेखि मातहतका कार्यालय र स्थानीय तहसम्म बेरुजुको समस्या व्यापक छ । बेरुजु सामान्य लेखा त्रुटि वा कागजी प्रक्रिया पूरा नभएको अवस्थामात्र होइन् । यसको पछाडि आर्थिक अनुशासनहीनता, कमजोर आन्तरिक नियन्त्रण, जिम्मेवारीबाट पन्छिने प्रवृत्ति र कतिपय अवस्थामा सार्वजनिक रकमको दुरुपयोगसमेत लुकेको हुन छ । बेरुजु रकम सबैलाई भ्रष्टाचार वा अनियमितताको प्रमाण मान्न नमिले पनि यसले आर्थिक कारोबारमा देखिएको कमजोरी र जवाफदेहिताको अभावलाई उजागर गरेको छ । त्यसैले बेरुजुलाई सामान्य प्रशासनिक समस्याका रूपमा लिएर बेवास्ता गर्नु सार्वजनिक स्रोतप्रतिको गैरजिम्मेवारी हो ।

मधेश प्रदेश सरकारले 'मधेश प्रदेश बेरुजु फछ्यौंटसम्बन्धी कार्यविधि, २०८३' लागू गरेको छ । यो सकारात्मक र आवश्यक कदम हो । महालेखा परीक्षकको वार्षिक प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु समयमै फछ्यौंट गर्ने, सरकारी बाँकी रकम असुलउपर गर्ने, अभिलेख व्यवस्थित बनाउने र अनुगमन तथा प्रोत्साहनको व्यवस्था गर्ने उद्देश्यले ल्याइएको यो कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन हुन सके वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण आधार बन्न सक्छ । कार्यविधिमा बेरुजुलाई असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन वर्गमा विभाजन गर्नु, पाँच वर्षसम्म पनि फछ्यौंट हुन नसकेका बेरुजुलाई सरकारी बाँकीसरह असुली प्रक्रियामा लैजानु तथा तोकिएको समयमा पेस्की फछ्यौंट नगरे वार्षिक १० प्रतिशत ब्याज असुल गर्ने व्यवस्था गर्नु सकारात्मक पक्ष हुन् । त्यस्तै, बेरुजु फछ्यौंटमा उत्कृष्ट काम गर्ने कार्यालय, कार्यालय प्रमुख र कर्मचारीलाई २५ हजार रुपैयाँसम्म पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्ने प्रावधानले जिम्मेवारीबोध र प्रतिस्पर्धात्मक कार्यसंस्कृति विकास गर्न सहयोग पुऱ्याउन सक्छ ।

स्थानीय तहदेखि प्रदेश मन्त्रालयअन्तर्गतका निकायसम्म फैलिएको बेरुजुको समस्या समाधान गर्न प्रदेश सरकारको प्रयास मात्र पर्याप्त हुँदैन् । स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालय सबैको साझा प्रतिबद्धता आवश्यक छ । सार्वजनिक खर्चको विवरण नागरिकले सहज रूपमा हेर्न र बुझ्न सक्ने व्यवस्था पनि गरिनुपर्छ । नागरिक निगरानी र सामाजिक जवाफदेहिताले वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । वास्तवमा बेरुजु फछ्यौंट गर्नु भनेको पुरानो हिसाब मिलाउनु मात्र होइन, सार्वजनिक प्रशासनलाई जिम्मेवार, पारदर्शी र उत्तरदायी बनाउने प्रक्रिया हो । सरकारी रकम जनताको कर र सार्वजनिक स्रोतबाट प्राप्त हुन्छ । त्यसको दुरुपयोग वा अनियमितताप्रति राज्यका निकाय संवेदनशील हुनैपर्छ । बेरुजु न्यूनीकरणलाई अंक घटाउने प्रशासनिक उपलब्धिमा सीमित नगरी संस्थागत सुशासनको आधार बनाइनुपर्छ । मधेश प्रदेश सरकारले ल्याएको नयाँ कार्यविधि एउटा सुशासन कायम गर्ने अवसर हो । अब यसको सफलता कति नियम बनाइयो वा कति पुरस्कार वितरण गरियो भन्ने आधारमा होइन, कति बेरुजु वास्तविक रूपमा फछ्यौंट भयो, कति सरकारी रकम असुल भयो र आगामी दिनमा बेरुजु सिर्जना हुने प्रवृत्ति कति घट्यो भन्ने आधारमा मापन हुनुपर्छ । प्रदेशलाई बेरुजुमुक्त बनाउने अभियान नारामा होइन, व्यवहारमा देखिनुपर्छ । सार्वजनिक सम्पत्तिको संरक्षण, आर्थिक अनुशासन र जवाफदेहितालाई प्रशासनको अनिवार्य संस्कार बनाउन सके मात्र मधेश प्रदेशमा सुशासनको बलियो जग निर्माण हुनेछ । त्यसैले मधेश प्रदेश सरकार मातहतका सरकारी कार्यालयदेखि मधेश प्रदेशमा रहेको १३६ स्थानीय तहले आफ्नो जवाफदेहिता वहन गर्नुपर्छ र बेरुजु फछ्यौंटमा प्रभावकारी काम गरी सुशासन काम गर्नुपर्छ । अनि मात्र मधेश प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउन सकिन्छ ।

जेनजी आन्दोलनका क्रममा कारागारबाट .....

सय मिलिग्रामसहित पक्राउ परेको मुद्दामा काठमाडौं जिल्ला अदालतले उनलाई १५ वर्ष कैद र एक लाख रुपैयाँ जरिवानाको फैसला भएका कैदी हुन् ।

उनका अनुसार अदालतको फैसला पछि उनी काठमाडौंको सुन्धारास्थित केन्द्रीय कारागारमा कैद भुक्तान गरिरहेका थिए । तर, २०८२ भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेर फरार भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका ठकुरीलाई आवश्यक प्रक्रिया पूरा गरी कारागार कार्यालय सिरहामा दाखिला गरिएको प्रहरीले जनाएको छ ।

आजको राशिफल

मेष : विकृतिको चर्चा हुनेछ । संगठनको बलमा उत्तेजना बढ्ने भएकाले शान्त बन्नुपर्नेछ । परिवारसँगको सम्बन्ध शान्त बन्नेछ ।

बृष : सोचेको काम नबन्दा मन उदास हुनेछ । लगानीका क्षेत्रमध्ये प्राविधिक शिक्षाबाट लाभ हुनेछ ।

मिथुन : सामाजिक क्षेत्रमा तपाईंको प्रशंसा हुनेछ । कला र गलाको माध्यमबाट तपाईंको चर्चा हुनेछ ।

कर्कट : पुराना साथीसँग मित्रता बढ्नेछ । संगठनको बलमा काम गर्ने बानीले अप्ठेरो पर्ने योग छ ।

सिंह : तपाईंको राशिमा सूर्य र बुध पुगेका छन् । यसले गर्दा राम्रो कामको सुरुवात गर्दा फाइदा हुनेछ ।

कन्या : आफ्नो व्यवसायबाट राम्रो आम्दानी जुट्नेछ । परिवारको सकारात्मक सहयोग मिल्नेछ ।

तुला : तपाईंका कार्ययोजना सफल बन्नेछन् । शिक्षामा सफलता मिल्नेछ । राज्यको तर्फबाट सेवाको अवसर मिल्नेछ ।

वृश्चिक : धनलक्ष्मी योग परेको छ । पुरानो लगानी र गुम्न लागेको रकम प्राप्त हुनेछ ।

धनु : समय राम्रो छ । तपाईंका गलत काम लुक्नेछन् । लगानीका स्रोत राम्रा छन् ।

मकर : बढी खर्च गर्ने बानीले परिवारमा विवाद बढ्नेछ । आफूभन्दा ठुला व्यक्तिसँगको सुझावले राहत मिल्नेछ ।

कुम्भ : आफ्नै कारणले शत्रु बढ्नेछन् । बोल्नु अगाडि सोच्नु राम्रो हुनेछ । स्वास्थ्यमा रोगको प्रकोप बढ्नेछ ।

मीन : अप्रिय समाचारले मन अशान्त बन्नेछ । प्राविधिक क्षेत्रमा गरेको लगानीबाट लाभ हुनेछ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

स्वतन्त्र प्रेसमाथिको धरपकडबारे संसदीय छानबिन गर्न नेपाल जेनजी फ्रन्टको माग

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १५ गते

नेपाल जेनजी फ्रन्टले समाचार कक्षमै प्रहरी प्रवेश गराई पत्रकारलाई नियन्त्रणमा लिइएको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै स्वतन्त्र प्रेसमाथिको धरपकड र राज्यका निकायबाट सिर्जित त्रासबारे संसदीय छानबिन गर्न माग गरेको छ।

फ्रन्टकी संयोजक रक्षा बमले आइतबार विज्ञप्ति जारी गर्दै समाचारको स्रोत पत्ता लगाउने नाममा सञ्चारमाध्यमको समाचार कक्षमै प्रहरी प्रवेश गर्नु अभिव्यक्ति स्वतन्त्रता, लोकतान्त्रिक मूल्य र संविधानमाथिको गम्भीर हस्तक्षेप भएको बताएकी छन् । यस्तो गतिविधि अभिव्यक्ति स्वतन्त्रताका लागि भएको जेनजी विद्रोहको जनादेशविपरीत रहेको फ्रन्टको ठहर छ।

घटनापछि प्रधानमन्त्रीको सचिवालयले अनभिज्ञता प्रकट गरेको, गृह मन्त्रालयले घटनाबारे थप बुझ्नुपर्ने बताएको र प्रहरी प्रशासनले पत्राउ नै अस्वीकार गरेको भन्दै फ्रन्टले राज्यका जिम्मेवार निकायहरू जवाफदेहिताबाट पन्छिन खोजेको आरोप लगाएको छ।

पत्रकारलाई नियन्त्रणमा लिने आदेश कसले दिएको हो र कुन कानुनी आधारमा यस्तो कार्य गरिएको हो भन्ने विषयमा सरकारले स्पष्ट जवाफ दिन नसकेको फ्रन्टको भनाइ छ । प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रशासनबीच जिम्मेवारी एकअर्कामाथि पन्छाउने प्रवृत्ति देखिएको उल्लेख गर्दै फ्रन्टले घटनाको निष्पक्ष छानबिन आवश्यक रहेको जनाएको छ।

त्यसैगरी, मानव अधिकारको संरक्षण र कार्यान्वयन सुनिश्चित गर्न गठित राष्ट्रिय मानव अधिकार आयोगको मौनता र निष्क्रियताप्रति पनि फ्रन्टले असन्तुष्टि व्यक्त गरेको छ।

सरकारका जिम्मेवार निकायबाटै घटनाको स्पष्ट जवाफ नआएको अवस्थामा सरकारले नै छानबिन गर्दा निष्पक्षता सुनिश्चित नहुने निष्कर्ष निकाल्दै नेपाल जेनजी फ्रन्टले सार्वभौम संसद्को हस्तक्षेप माग गरेको छ।

संसद् अधिवेशन सञ्चालनमा नरहेको अवस्थामा पनि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको जिम्मेवारी कायम रहने उल्लेख गर्दै फ्रन्टले प्रमुख राजनीतिक दल तथा संघीय संसद्समक्ष चारबुँदे माग अघि सारेको छ।



फ्रन्टका चार बुँदे माग

१. सत्ता पक्ष र प्रतिपक्ष दुवैका राजनीतिक दलले घटनाबारे आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्दै गृहमन्त्री तथा प्रहरी नेतृत्वको जवाफदेहिताका लागि संयुक्त रूपमा दबाब सिर्जना गर्नुपर्ने।
२. प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहभागितामा संसदीय छानबिन समिति गठन गरी प्रधानमन्त्रीको सचिवालयका कर्मचारी, गृहमन्त्री, प्रहरी महानिरीक्षक तथा घटनासँग सम्बन्धित जिम्मेवार प्रहरी अधिकारीलाई बोलाएर स्पष्टीकरण लिनुपर्ने।
३. पत्रकारलाई नियन्त्रणमा लिने आदेश कसले दिएको हो र त्यसको कानुनी आधार के थियो भन्ने यकिन गरी तोकिएको समयभित्र छानबिन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने तथा प्रेस स्वतन्त्रता र मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीलाई हदैसम्मको कारवाही गर्नुपर्ने।
४. संसद्मा प्रेस स्वतन्त्रताबारे गम्भीर छलफल गरी यसको संरक्षणप्रति स्पष्ट प्रतिबद्धता व्यक्त गर्नुपर्ने तथा विद्युतीय कारोबार ऐनको दफा ४७ खारेज वा संशोधन गर्ने प्रक्रिया अघि बढाउनुपर्ने।



महेन्द्रनगरमा दुई आकाशे पुल निर्माण सम्पन्न, तेस्रो निर्माणाधीन

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १५ गते



जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ । पुलमा रङरोगन तथा सौन्दर्यीकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

मधेश प्रदेशमा पहिलो पटक निर्माण गरिएका यी पुल पैदल यात्रुको आवागमन सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुर्जेलिया, जनकपुरधामले जनाएको छ।

सडकमा पैदल यात्रुको चाप बढी हुने महिला विकास चोक र सखुवा चोकमा दुई तथा लक्ष्मीनिया गाउँपालिकामा एउटा गरी तीन वटा आकाशे पुल निर्माणका लागि करिब रु १० करोड ५० लाख लागत अनुमान गरिएको थियो। तीमध्ये महेन्द्रनगरका दुई पुल निर्माण सम्पन्न भएको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर दरोगाप्रसाद साहले जानकारी दिए।

उनका अनुसार लक्ष्मीनिया गाउँपालिकामा निर्माणाधीन तेस्रो पुलको काम पनि तीव्र गतिमा भइरहेको छ। उक्त पुल मड्सिर मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

निर्माण लागतअनुसार महिला विकास चोकको पुलका लागि तीन करोड ३५ लाख, सखुवा चोकको पुलका लागि तीन करोड ५७ लाख र लक्ष्मीनियाको पुलका लागि तीन करोड ४२ लाख विनियोजन गरिएको छ । तीनवटै पुलको लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहितको हो। पुल निर्माणको जिम्मा दुई वटा निर्माण कम्पनीले पाएका छन्।

सडक डिभिजन कार्यालयका साइट इन्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर छ। पुल सञ्चालनमा आएपछि पैदल यात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने अवस्था अन्त्य हुने उनले बताए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम घट्ने बताए। पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौं पैदल यात्रुको आवागमन हुने गरेको उनले जानकारी दिए।

स्थानीय शम्भुप्रसाद यादवले महिला विकास चोक र सखुवा चोक आसपास हाटबजार, शैक्षिक संस्था तथा बस्ती रहेकाले यसअघि सडक वारपार गर्न जोखिम हुने गरेको बताए। क्षीरेश्वरनाथ बहुमुखी क्याम्पसका प्राचार्यसमेत रहेका उनले पुल सञ्चालनमा आएपछि बालबालिका, विद्यार्थी र ज्येष्ठ नागरिकलाई आवतजावतमा सहज हुने विश्वास व्यक्त गरे।

उखुको मूल्य निर्धारणमा किसान र उद्योगीबीच मतभेद .....

उद्योगका सञ्चालक राजेश केडियाले किसान र उद्योगी दुवैको समस्या सम्बोधन हुने गरी उखुको मूल्य निर्धारण हुनुपर्ने बताएका छन्।

केडियाले किसानले उत्पादन गर्ने उखुको जातअनुसार मूल्य फरक हुनुपर्ने धारणा राखेका छन्। उनका अनुसार बढी चिनी उत्पादन हुने भेराइटी र तुलनात्मक रूपमा कम चिनी उत्पादन हुने सामान्य भेराइटीको मूल्य छुट्टाछुट्टै निर्धारण हुनुपर्छ।

उखुको गुणस्तर र त्यसबाट प्राप्त हुने चिनीको परिमाणलाई समेत मूल्य निर्धारणको आधार बनाउनुपर्ने उद्योगीको तर्क छ। किसानलाई उचित मूल्य उपलब्ध गराउनुका साथै उद्योगलाई पनि आर्थिक रूपमा टिकाइराख्ने गरी मूल्य निर्धारण गर्नुपर्ने महासचिव केडियाको भनाइ छ।

यसैगरी, उखु उत्पादक किसानले भने खेतीको लागत दोब्बरको हाराहारीमा पुगेको भन्दै प्रतिक्विन्टल एक हजार दुई सय रुपैयाँभन्दा बढी मूल्य निर्धारण गर्नुपर्ने माग गरेका छन्।

मूल्य निर्धारणका लागि राजधानी पुगेका उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवका अनुसार गत वर्षको तुलनामा उखु खेतीमा लाग्ने खर्च उल्लेख्य रूपमा बढेको छ। खेत जोताइ, उखु रोपाइँ, मलखाद, सिँचाइ, इन्धन तथा दैनिक ज्यालादारी मजदुरको पारिश्रमिकसमेत महँगिएको उनको भनाइ छ।

यादवले चिनी र सखरको बजार मूल्यसमेत दोब्बर भएको अवस्थामा किसानले उत्पादन गरेको उखुको मूल्य पनि सोही अनुपातमा बढाउनुपर्ने बताएका छन्। उत्पादन लागत र बजारको अवस्थालाई बेवास्ता गरेर उखुको मूल्य निर्धारण गरिए किसान थप आर्थिक मारमा पर्ने उनको तर्क छ।

अगुवा उखु किसान कामेश्वर सहनीले सरकारले उखुलाई नगदे बालीका रूपमा व्याख्या गरे पनि किसानले उत्पादन गर्नुअघि नै यसको मूल्य सुनिश्चित गर्नुपर्ने बताएका छन्। उखु रोप्नुअघि नै समर्थन मूल्य नतोकिँदा किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने सुनिश्चितता नहुने उनको भनाइ छ।

सरकारले समयमै उखुको मूल्य निर्धारण नगर्दा किसानले बाध्य भएर सस्तो मूल्यमा उखु बिक्री गर्नुपरेको सहनीले बताए। उनका अनुसार छठ पर्वका समयमा सखरको माग बढेपछि स्थानीय सखर उद्योगहरूले किसानबाट प्रतिक्विन्टल पाँच सय रुपैयाँका दरले उखु खरिद गरेका थिए।

उखुको मूल्य समयमै निर्धारण नहुँदा किसान बिचौलिया तथा स्थानीय उद्योगले तोकेको मूल्यमा निर्भर हुनुपर्ने अवस्था सिर्जना भएको किसानहरूको गुनासो छ।

किसानको उत्पादन लागत र उद्योगीको सञ्चालन खर्चबीच सन्तुलन कायम गर्दै उखुको उचित मूल्य निर्धारण गर्नु सरकारका लागि चुनौती बनेको छ। सोमबार हुने वार्ताले किसानलाई उत्पादन लागतअनुसारको प्रतिफल र उद्योगीलाई उद्योग सञ्चालन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने मूल्यमा सहमति जुटाउँछ वा जुटाउँदैन भन्ने चासो उखु उत्पादक क्षेत्रमा देखिएको छ।

जनकपुर-अयोध्या .....

र, यसप्रति भारतीयपक्ष पनि सकारात्मक देखिन्छ। त्यसैले, दुवै देशका अधिकारीहरू सुरक्षा र भन्सार जाँचसम्बन्धी विषयलाई कसरी सहज बनाउन सकिन्छ भन्ने सकारात्मक छलफलमा छन्।

अहिलेसम्मको स्थिति हेर्दा जनकपुर-अयोध्यालाई रेल यातायातले जोड्ने कार्यको प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीबाट उद्घाटन हुने पक्का जस्तै देखिन्छ।

अर्थात् ओलीका पालामा नेपाल-यी दुई धार्मिक नगरी सिधा बस यातायात सेवाबाट जोडिएका थिए । तिनै ओलीलाई झापाबाट हराएर प्रधानमन्त्री बनेका बालेनका पालामा चाहिँ रेल यातायात जोडिनेछन्।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

सरकारले सबैतिर निराश मात्र बनायो: उपेन्द्र यादव

अपन दैनिक संवाददाता
रुपन्देही, कार्तिक १५ गते

जनता समाजवादी पार्टी (नेपाल)का केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले जनतालाई अनेक आश्वासन बाँडेर आएको पार्टीले सरकारको नेतृत्व गरिरहँदा सबैतिर निराश मात्र बनाइरहेको आरोप लगाएका छन्।

चुनावको बेलामा जनतालाई बाँडेको आश्वासनभन्दा विपरीत अहिले सरकारले महङ्गी, भ्रष्टाचार र बेथितिलाई निम्त्याइरहेको अध्यक्ष यादवको भनाइ छ।

अग्रगामी मोर्चाको लुम्बिनी प्रदेश समन्वय समितिले बाँकेको नेपालगन्जमा आइतबार गरेको प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'भ्रष्टाचार र कमिसनतन्त्र नियन्त्रणमा छैन, बरु बढ्दै गएको छ, महङ्गी दुई गुण बढेको छ, गरिब जनता जसले दिनभर काम गरेर भोजन जुटाउँछन्, उनीहरू सङ्कटमा परेका छन्, शिक्षाको गुणस्तर कमजोर हुँदै गएको छ, सरकारी स्कुलमा पढाई भइरहेको छैन, सरकारी अस्पतालमा उपचार पाइँदैन, स्वास्थ्य बिमा योजना असफल भइरहेको छ, गरिबका लागि यो सरकार साथमा छैन, सुशासनको त नामोनिसान नै छैन।'

सरकार विदेशी ऋणबाट चलिरहेको पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले आरोप लगाए । विगतमा कांग्रेस र कम्युनिस्टको शासनकालमा जस्तै जनताहरू अहिले वर्तमान सरकारबाट आजित भइरहेको उनले बताए।



मोर्चाले लुम्बिनीको रुपन्देही र बाँकेमा यस्तो कार्यक्रम गरेको हो। कार्यक्रममा जनमत पार्टीका अध्यक्ष सिके गुप्ता, प्रलोपाका जनार्दन शर्मालगायत विभिन्न घटकमा रहेका नेताहरूले सम्बोधन गरेका थिए।



प्रधानमन्त्री शाहको चेतावनी–उम्किन्छु भनेर सपना नदेख्नू

प्रधानमन्त्रीको स्टाटसमा सल्लाहकार बेनको व्यङ्ग्यात्मक प्रश्न-सही समय भनेको कहिले हो, शनिबार आइतबार हो ?

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १५ गते

प्रधानमन्त्री बालेन्द्र शाहले 'उम्किन्छु भनेर सपना नदेख्नू' भन्दै चेतावनी दिएका छन्।

सामाजिक सञ्जाल फेसबुकमा स्टाटस् लेख्दै प्रधानमन्त्री शाहले साङ्केतिक रूपमा यस्तो चेतावनी दिएका हुन्। उनले आफ्नो भनाइ कसलाई लक्षित गरेर लेखेका हुन् भन्ने खुलाएका छैनन्।

प्रधानमन्त्री शाहले लेखेका छन्, 'सही समय आएपछि सबैको गलत समय आउँछ, एक-दुई जना उम्किन्छु भनेर सपना नदेखे हुन्छ!' प्रधानमन्त्रीको उक्त अभिव्यक्ति कुन विषय र व्यक्तिप्रति लक्षित हो भन्नेबारे भने उनले थप स्पष्ट पारेका छैनन्।

न्युज रूमबाट पत्रकार पक्राउ परेको विषयमा सरकारको चौतर्फी विरोधसहित जवाफदेहिताको खोजी भइरहँदा शाहको आइतबार साँझ यो स्टाटस आएको हो।

उनको स्टाटसको कमेन्टमा



सल्लाहकार कुमार बेनले लेखेका छन्- सही समय भनेको कहिले हो, शनिबार आइतबार हो ?

मधेश प्रदेशमा बजेट खर्च प्रणाली थप व्यवस्थित .....

खर्चसम्बन्धी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेछ। यसले बजेट खर्चको योजना निर्माणदेखि कार्यान्वयनसम्मलाई समयबद्ध र जिम्मेवार बनाउने अपेक्षा सरबरको छ।

कार्यविधिमा मन्त्रालय तथा मातहतका निकायले बजेट खर्च गर्दा आर्थिक वर्षको अन्त्यमा हुने अनावश्यक खर्च, बजेट दुरुपयोग र वित्तीय अनियमितता नियन्त्रण गर्ने उद्देश्य राखिएको छ।

त्यसैगरी, बजेट खर्चको अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन सूचना प्रणालीको प्रयोग अनिवार्य गरिएको छ । यसका लागि नेपाल सरकारको प्रचलित वित्तीय प्रणाली (एनएएमएस, सीजीएएस/सुत्र) मार्फत नियमित अभिलेख राख्ने र प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको छ।

प्रदेश सरकारले नयाँ कार्यविधि लागू भएसँगै सार्वजनिक खर्च प्रणालीमा सुधार, वित्तीय पारदर्शिता र मितव्ययिता कायम हुने विश्वास व्यक्त गरेको छ।


मधेशी दलमा .....

आवश्यकतामा जोड दिएका थिए।

त्यस्तै अधिवक्ता आनन्द गुप्ताले जेनजी आन्दोलनपछि देशको राजनीतिमा परिवर्तन आएको र पुराना राजनीतिक दल तथा नेतृत्वको विश्वसनीयता कमजोर भएको धारणा राखेका थिए । उनले मधेशी युवाले मधेशको राजनीतिलाई पुनर्जीवित, पुनर्गठित र पुनर्परिभाषित गर्न संगठित प्रयास गर्नुपर्नेमा जोड दिएका थिए।

स्थानीय महिला नेतृ हिरमति कुशवाहाले मधेशमा स्वच्छ छवि भएका नेतृत्वको आवश्यकता रहेको बताएकी थिइन्।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौ



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्वको भरमा माटाका भाँडाको व्यापार, वर्षभरि जीविकाको चिन्ता

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १५ गते

दीपावली र छठ पर्व नजिकिएसँगै जनकनन्दनी गाउँपालिका-४ खजुरीका कुमाल समुदायलाई माटाका भाँडाकुँडा बनाउन भ्याइनभ्याइ छ।


पर्वका लागि आवश्यक दियो, कलश, घैँटो, हाँडी, धुपौरो, हात्ती, कोसिया, कुर्वार र मट्कालगायत सामग्री बनाउन स्थानीय कुमाल बिहानदेखि साँझ अबेरसम्म व्यस्त छन्।

बस्तीका घरआँगनमा कतै माटो मुछ्ने, कतै चक्र घुमाएर भाँडाकुँडालाई आकार दिने र कतै तयार भएका सामग्री सुकाउने तथा पकाउने काम भइरहेको छ। चाडपर्व नजिकिएसँगै माटाका सामग्री खरिद गर्न आउने ग्राहकको चहलपहल पनि बढ्न थालेको छ।

वर्षभरि सुस्त रहने माटाका सामग्रीको व्यापार दीपावली र छठका बेला केही चलायमान हुने भएकाले कुमाल समुदाय अहिले उत्पादनमा केन्द्रित भएको हो।

स्थानीय पूतम पण्डितले चाडपर्वको समयमा मात्र माटाका सामग्रीको बिक्री बढ्ने बताए। 'वर्षभरि कारोबार सुस्त रहन्छ, चाडपर्वको समयमा मात्रै बिक्री हुन्छ,' उनले भने,'त्यसैले अहिले पाला बनाउन व्यस्त छौं।'

कुमाल समुदायका लागि यो समय चाडपर्वको तयारीसँगै वर्षभरि सुस्त रहेको पुर्ख्यौंली पेसाबाट आम्दानी गर्ने अवसर पनि हो । स्थानीय सुन्दर पण्डितले माटाका भाँडा बनाउने काम आफ्नो परिवारको जीविकोपार्जनसँगै पुर्खाले हस्तान्तरण गरेको सीप, संस्कृति र पहिचानसँग जोडिएको बताए । 'यो हाम्रो पसिना



र मेहनतसँगै परिवारको जीविका र पुर्ख्यौंली पेसाको निरन्तरतासँग जोडिएको छ, 'उनले भने, 'माटो हाम्रा लागि कच्चा पदार्थ मात्र होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीप र पहिचानको आधार पनि हो।'

स्थानीय अयोधि पण्डितका अनुसार दसैं सकिएलगत्तै कुमाल समुदाय माटाका भाँडाकुँडा बनाउन र बिक्री गर्न सक्रिय हुन्छन्।

'दसैंदेखि नै माटाका भाँडा बनाउने काममा लागेका छौं,' उनले भने, 'अहिले बिक्री राम्रो हुने भएकाले अरू काम थाती राखेर यही पेसामा केन्द्रित भएका छौं।' दसैंदेखि छठसम्म माटाका सामग्री बिक्री गरेर खर्च कटाउँदा एक लाख रुपैयाँसम्म आम्दानी हुने उनले बताए।

तर, चाडपर्वमा माग बढे पनि वर्षभरि यही पेसाबाट परिवारको खर्च धान्न कठिन रहेको कुमाल समुदायका अगुवा रामनारायण पण्डितले बताए।

पछिल्लो समय प्लास्टिक, स्टिल, आल्मुनियमलगायत आधुनिक सामग्रीको प्रयोग बढ्दै जाँदा परम्परागत माटाका भाँडाकुँडाको बजार खुम्चिँदै गएको छ।

यसले माटाका सामग्री बनाउने समुदायको आम्दानीमा असर पारेको छ भने नयाँ पुस्तालाई पुर्ख्यौंली पेसाप्रति आकर्षित गर्नसमेत चुनौती थपिएको छ।

'कुनै समय हरेक घरमा माटाका भाँडाकुँडाको प्रयोग हुन्थ्यो । पानी राख्न घैँटो, खाना पकाउन हाँडी, पूजाका लागि कलश र दीपावलीमा घरआँगन उज्यालो बनाउन दियो अनिवार्यजस्तै थियो,' रामनारायणले भने,'तर अहिले ती सामग्रीको ठाउँ आधुनिक भाँडाकुँडाले लिन थालेका छन्। चाडपर्वमा समेत माटाका सामग्रीको प्रयोग सीमित हुँदै जाँदा यसैमा निर्भर परिवारको आम्दानी प्रभावित भएको छ।'

प्लास्टिक तथा आधुनिक सामग्रीको बढ्दो प्रयोगका कारण संकटमा पर्दै गएको माटाका भाँडा बनाउने परम्परागत पेसा संरक्षण गर्न राज्य, स्थानीय सरकार र उपभोक्ताको सहयोग आवश्यक रहेको कुमाल समुदायको भनाइ छ । स्थानीय स्तरमै उत्पादित माटाका सामग्रीको प्रयोग र प्रवर्द्धन बढाउन सके पुर्ख्यौंली सीप, संस्कृति र समुदायको जीविकोपार्जनलाई निरन्तरता दिन सहयोग पुग्ने उनीहरूको अपेक्षा छ।

स्थानीय तहको उम्मेदवार छनोट गर्न रास्वपामा ७ उपसमिति गठन, महानगर र उपमहानगरमा आवेदन खुला

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १५ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट गर्न विभिन्न सातवटा उपसमिति गठन गरेको छ।

पार्टीले महानगरपालिका र उपमहानगरपालिकाका वडा तहका पदहरूमा उम्मेदवारी दिन चाहनेहरूका लागि आवेदनसमेत खुला गरेको छ।

पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा महामन्त्री तथा स्थानीय तह निर्वाचन उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिका संयोजक विपिनकुमार आचार्यको सभापतित्वमा बसेको बैठकले उक्त निर्णय गरेको हो।

पार्टीका प्रवक्ता जगदिश खरेलद्वारा



जारी विज्ञप्तिअनुसार उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वयका लागि समिति सदस्यहरूको संयोजकत्वमा विभिन्न उपसमितिहरू गठन गरिएको छ।

जसअन्तर्गत क्यान्डिडेट क्लब उपसमितिको संयोजकमा कविन्द्र बुर्लाकोटी, प्रविधिमा सुशान्त वैदिक, गुनासो समन्वयमा जनकसिंह धामी र समावेशिता तथा महिला सहभागिता उपसमितिको संयोजकमा डा. तोसिमा कार्कीलाई जिम्मेवारी दिइएको छ।

त्यसैगरी, क्षमता विकास समन्वयमा टासी ल्हाजोम, व्यवस्थापनमा रहबर अन्सारी र प्रचारप्रसार उपसमितिको संयोजकमा मिलन लिम्बूलाई तोकिएको छ।

बैठकले महानगरपालिका तथा उपमहानगरपालिकाका वडाध्यक्ष र वडा सदस्य पदहरूमा पार्टीका तर्फबाट उम्मेदवारी दिन इच्छुक तथा योग्य व्यक्तिहरूका लागि क्यान्डिडेट क्लब मार्फत आवेदन खुला गर्ने निर्णय पनि गरेको विज्ञप्तिमा उल्लेख छ।

